# शअबान महिनामा गरिने केही बिदअतहरूको वर्णन

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1435

IslamHouse.com

# بعض البدع المتعلقة بشهر شعبان

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले शअबान महिनामा गरिने केही प्रमुख बिदअतहरूको वर्णन र त्यसको वैधानिक हुकुम कुरआन र हदीसको प्रकाशमा प्रस्तुत गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई

आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

शअबानको महिना अरबी संवत हिज्रीको आठौं महिना हो, जुन रमजान महिना अघि आउँछ। यस महिनामा मुसलमानहरू विभिन्न प्रकारका क्रियाकलापहरू गर्छन् जसमध्ये केही त वैधानिक छन् तर अधिकतम् अवैधानिक छन् यसैबारे चर्चा गर्ने आँट गरेको छु। आशा छ कि पथविचलनमा परेका मान्छेहरूलाई यो किताब मार्गदर्शन गर्ने छ।

## शअबान महिनाको श्रेष्ठता र त्यसमा गरिने वैधानिक कार्यहरूको विवरण

सत्कर्म कबूल हुने र त्यसलाई अल्लाहको दरबारमा त्यसको समक्ष प्रस्तुत गर्ने महिना शअबान नै हो, र यो कुरा हदीसबाट प्रमाणित छ हदीसमा वर्णन छ : रसूल सल्लल्लाहो अलैहे वसल्लम भन्नुहुन्छ :

" ذلك شهر يغفل عنه الناس بين رجب ورمضان، وهو شهر ترفع فيه الأعمال إلى الله تعالى، فأهب أن يرفع عملي وأنا صائم..... "

अर्थ: रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः कि यो त्यो महिना हो जसको

श्रेष्ठताबाट मानिसहरू अनभिज्ञ छन् र त्यो महिना हो रजब र रमजानको बीचको महिना ( अर्थात शअबानको महिना) यो त्यो महिना हो जसमा समस्त कर्महरू अल्लाहको दरबारमा पेश गरिन्छ त म चाहन्छु कि मेरो कर्मपत्र अल्लाहको दरबारमा यस्तो अवस्थामा पेश गरियोस् कि म व्रता बसेको हूँ। ( नेसाई )

र यस महिनामा रसूल सल्लल्लाहो अलैहे वसल्लम अधिक भन्दा अधिक व्रत बस्थे जस्तोकि बुखारीको हदीसमा वर्णन छः

"عن عائشة رضي الله عنها قالت: كان رسول الله صلى الله عليه وسلم يصوم حتى نقول لايفطر، ويفطر حتى نقول لايصوم، وما رأيت رسول الله صلى الله عليه وسلم استكمل صيام شهر إلا رمضان، وما رأيته أكثر صياما منه في شعبان "

अर्थः हजरत आइशाको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम जब व्रत बस्न आरम्भ गर्थे त हामीहरूलाई यो प्रतीत हुन्थ्यो कि अब खाना खानु हुन्न (अर्थात इफ्तार गर्नुहुन्न), र जब इफ्तार र्गन आरम्भ गर्नु हुन्थ्यो त हामीलाई यो प्रतीत हुन्थ्यो कि अब व्रत बस्नु हुन्न, र मैले रमजान बाहेक उहाँलाई कुनै पनि महिनाको पूर्ण व्रत बस्दा मैले हेरेको छैन, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम

शअबानको महिनामा अत्याधिक व्रत बस्थे । ( बुखारी, मुस्लिम )

उपरोक्तका दुवै हदीसबाट यो प्रष्ट हुन्छकि यस महिनामा रसूल सल्लल्लाहो अलैहे वसल्लम व्रत बस्थे ताकि रमजान भन्दा पहिला नै व्रत बस्ने बानी बसालियोस र रमजानमा कुनै कष्ट नहोस् र यस महिनामा अल्लाहको दरबारमा कर्मपत्र पेश हुँदा उहाँ व्रतको अवस्थामा होऊन् । त हामीलाई पनि यो चाहियो कि उहाँको पद्धतिमा हिंडने प्रयास गरौं र यस महिनामा अधिक भन्दा अधिक व्रत बसौं ताकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको सत्य उम्मती बन्ने सौभाग्य प्राप्त होस् ।

उपरोक्तमा वर्णन गरिएको कुराहरू बाहेक कुनै अरु विशेषता यस महिनाको र यस महिनामा खासगरी १५ शअबानको बारेमा जुन हाम्रो समाजमा भनिन्छ त्यो प्रमाणित छैन ।

त अब कुरा गरौं १५ शअबानको जसको बारेमा हाम्रा पेटपालू मौलानाहरू उत्सवको रुपमा मनाउछन् । यस दिनको र रात्रीको बारेमा मात्र एक हदीस हसन दर्जा सम्म पुग्छ, हसनको अर्थ यो हो कि त्यो हदीस सही त छैन तर त्यसै जस्तो अरु धेरै हदीस वर्णित छन्

यसै कारण त्यो हदीसलाई हसन अर्थात सही हदीसको न्युनतम् दर्जामा पुग्छ, तर यदि यसको मुकाबिलामा कुनै सही हदीस वर्णित होस् भने यस हदीसमा कर्म गर्नु उचित हुँदैन। तात्पर्य योकि यस १५ शअबानको वशिेषताको लागि मात्र एउटा हदीस वर्णन छ त्यो पनि पूर्णत: सही छैन, र आर्को कुरो के छ भने यस हदीसद्वारा यो कदापि प्रमाणित हुँदैन कि यस दिन वा रात्रीको कुनै विशेषता छ जस्तो कि म आर्को हदीसबाट प्रमाणित गर्नेछु ध्यान दिनुहोला !

हदीस यो हो :

"يطلع الله تبارك وتعالى إلى خلقه ليلة النصف من شعبان ، فيغفر لجميع خلقه ، إلا لمشرك أو مشاحن"

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: शअबान महिनाको मध्यान रात्री ( पन्द्रहौं रात्री) मा अल्लाह आफ्नो सृष्टि माथि दयादृष्टि गर्छ अनि बहुदववादी (मुश्रिक) र झगडालू मान्छे बाहेक आफ्नो समस्त सृष्टिलाई मुक्ति र क्षमा प्रदान गर्छ। ( बैहकी हदीस नं. ३६७४, तब्रानी हदीस नं. २१५, मुअजमुल अवसत हदीस नं. ६९६७ )

यस हदीसको बारेमा अल्लामा अल्बानी हदीसका महान विद्वान आफ्नो किताब सिलसिलतुल् अहादीसुस्सहीहामा यसरी भन्नुहुन्छ : " यो हदीस सहीको र्दजामा पुग्छ किनकि यसलाई सहाबाको एक समूहले विभिन्न सनदद्वारा वर्णन गरेका छन् र सबै मिलेर सहीको दर्जामा पुगिहाल्छ । र यस हदीसलाई रिवायत गर्ने सहाबीहरू निम्न हुन् : मुआज बिन जबल, अबू सअलबा, अब्दुल्लाह बिन अमर, अबू मूसा अल् अश्अरी, अबू हुरैरह, अबू बक्र अस्सिदीक, औफ इब्ने मालिक, र हजरत आइशा, रजिअल्लाहो अन्हुम अजमईन । " ( सिलसिलतुल अहादीसुस्सहीह: लिल् अल्बानी ३/१३५ )

तर हेर्ने योग्य कुरा यो छ कि के यस हदीसबाट यस रात्रीको कुनै विशेषता सिद्ध हुन्छ !

हेर्नुस् यस हदीसद्वारा जुन विशेषता सिद्ध गर्ने प्रयास गरिन्छ त्यो यसै रात्रीको लागि विशेष छैन बरु सालका समस्त रात्रीलाई यो विशेषता प्राप्त छ बरु यसभन्दा बढी नै । हेर्नुस् बुखारी र मुस्लिमको सही हदीसमा यसभन्दा बढी

श्रेष्ठता प्रत्येक रात्रीलाई प्रदान हुने पुष्टिकरण मिल्छ, हदीस हेर्नुस् !

"ينزل ربنا - تبارك وتعالى - كل ليلة إلى السماء الدنيا حين يبقى ثلث الليل الآخر يقول: من يدعوني فأستجيب له؟ من يسألني فأعطيه؟ من يستغفرني فأغفر له ؟"

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि हाम्रो पालनकर्ता प्रत्येक रात्रीको तेस्रो खण्डमा (तेस्रो भागमा) संसारीय आकाशमा अवतरित हुन्छ र भन्छ: कुनै दुआ गर्नेवाला छ जसको दुआलाई म कबूल गरूँ, कुनै मसित माँग्नेवाला छ जसलाई म प्रदान गरूँ, कुनै मसित क्षमायाचना गर्नेवाला छ जसलाई म क्षमा प्रदान गरूँ । ( बुखारी हदीस नं. ११४५, मुस्लिम हदीस नं. ७५८ )

त यस सही हदीसबाट यो प्रष्ट हुन्छकि सबैलाई क्षमा गरिने कार्य शअबानको पन्द्रहौं रात्रीको लागि विशिष्ट छैन बरु अल्लाह प्रत्येक रात्रीमा क्षमा प्रदान गर्छन्, र बिना कुनै बन्देज क्षमा गर्छन्, चाहे त्यो बहुदववादी किन नहोस् यदि त्यसले पनि आफ्नो बहुदेववादबाट तौबा गर्छ भने त्यसलाई पनि क्षमा गरिन्छ र त्यसको प्रार्थना पनि स्वीकार गरिन्छ ।

त प्रष्ट यो भयो कि शअबान महिनाको श्रेष्ठता त छ तर त्यस महिनामा कुनै विशेष समय र रात्रीको कुनै प्रधानता छैन, त्यस महिनामा व्रत बस्नु अधिकधन्दा अधिक स्तुति गर्नुको प्रमाण त छ तर कुनै क्षण एवं दिन र रात्रीलाई विशेष गरी त्यसमा स्तुति गर्नु वा व्रत बस्नुको कुनै प्रमाण छैन । किनकि समय र दिन विशेष गर्ने अधिकार मात्र अल्लाह र अल्लाहका रसूललाई छ कुनै आर्को व्यक्ति यसो गरेमा अपराधी ठहर हुनेछ । र जति पनि मान्छेहरू यस्ता क्रियाकलापहरूमाथि प्रोत्साहन गर्छन् पथविचलनमा भौतरि रहेका छन्, किनकि यसकुरामा कुनै पनि सही हदीस वर्णन छैन बरु यसकुराको लागि जति पनि हदीस वर्णन गरिन्छ ती सबै जईफ र मौजूअ अर्थात मिथ्या र मान्छेहरूले आफै गढेका हदीसहरू हुन् । र ती सबै हदीसहरूलाई म तपाईहरूको सामुन्ने निम्नमा प्रस्तुत गर्दछु !

**पन्द्रह शअबानको बिदअतको अविष्कारी:** पन्द्रह शअबानको बिदअत सन् ४४८ हिज्री संवतमा इब्ने अबिल हुमरा अन्नाबलसी नामक मान्छेले बैतुल मुकद्दसमा अविष्कार गर्‍यो । हेर्नुस् (

अलबाइसु अला इन्कारिल बिदअे वल हवादिस पे. १२४,१२५ )
तर्सथ यसकुराबाट यो सिद्ध हुन्छ कि पन्द्रह शअबानको बारेमा जे पनि गरिन्छ त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको मरणोपरान्त लगभग चार शताब्दी पश्चात अविष्कार गरियो र यस पाखण्डबाट रसूल र रसूलका सहाबाहरूको कुनै सरोकार छैन नत उहाँहरूले यसलाई गरेका छन् । अब ती जईफ हदीसहरूतिर लागौं ।
पथविचलनमा परेका मान्छेहरू खासगरी १५ शअबानको बारेमा पथभ्रमित भएर केही हदीसहरू गढेर वा जईफ भएको हदीसलाई आफ्नो कुरालाई सिद्ध गर्नुको लागि जनसाधारणको समक्ष प्रस्तुत गरी आफ्नो निराधार कार्यलाई सत्य ठहर गर्ने प्रयास गर्छन् । ती समस्त हदीसहरूलाई तपाई पनि हेर्नुस् म ती हदीसहरूलाई जईफ वा मिथ्या प्रमाणित गर्छु, र सन्दर्भ सामग्रीको पुस्तकको नाम पनि लेख्छु ताकि तपाईलाई यदि मेरो कुरामा कुनै शंका सन्देह होस भने संकेतित पुस्तकमा हेरी मेरो कथनको पुष्टिकरण पनि गर्नुहोस् । आउनुस् अब हदीसहरूलाई हेर्नुस् !

**पहिलो हदीसः**

اللهم بارك لنا في رجب و شعبان و بلغنا رمضان

अर्थः हे अल्लाह रजब महिना र शअबान महिना भित्र हामीहरूको लागि बरकत ( कल्याण) प्रदान गर, र हामीलाई रमजान महिना प्रदान गर । (अर्थात रमजानबाट लाभान्वित हुने अवसर प्रदान गर)

यस हदीसको हुकुमः यो हदीस जईफ छ । निम्नका पुस्तकहरूमा हेर्नुस् ! ( किताबुल अजकार लिन्नववी, मीजानुल् एअतदाल लिज्जहबी ३/९६ दारुल् कुतुबुल इल्मीयाबाट सन् १९९५ ई. मा प्रकाशित भएको संकलन, मज्मउज्जवाइद लिल हैसमी २/१६५ रैयान नामक प्रकाशन केन्द्रबाट सन् १४०७ हिज्रीमा प्रकाशित भएको संकलन, जईफुल जामेअ् लिल अल्बानी हदीस नं. ४३९५ )

**दोस्रो हदीसः**

فضل شهر شعبان كفضلي على سائر الأنبياء

अर्थ : शअबान महिनाको श्रेष्ठता त्यस्तै छ जसरी मेरो श्रेष्ठता समस्त सन्देष्टाहरू माथि छ ।

यस हदीसको हुकुमः यो हदीस मौजूअ अर्थात मनगढन्त र मिथ्या छ । इमाम इब्ने हजरको

भनाई छ कि यो हदीस मौजूअ् छ । निम्नका पुस्तकहरूमा हेर्नुस् ! ( तबईनुल अजब लेइब्ने हजर, कश्फुल् खफा २/११० लिल् अजलूनी मुवस्ससतुर्रेसालाबाट सन् १४०५ हिज्रीमा प्रकाशित भएको संकलन, अल् मस्नूअ् ले अली बिन सुल्तान अलकारी १/१२८ अर्रुश्द प्रकाशन केन्द्रबाट सन् १४०४ हिज्रीमा प्रकाशित भएको संकलन)

**तेस्रो हदीस :**

إذا كانت ليلة النصف من شعبان فقوموا ليلها وصوموا نهارها

अर्थ : जब शअबान महिनाको मध्यान रात्री अर्थात शअबानको पन्द्रहौं रात्री आओस् त तिमीहरू त्यसको रात्रीमा स्तुति गर र दिनमा व्रत बस ।

यस हदीसको हुकुमः यो हदीस पनि जईफ छ । निम्नका पुस्तकहरूमा हेर्नुस् ! ( किताबुल् एललुल् मुतनाहिया ले इब्नुल् जौजी २/५६२ दारुल कुतुबुल इल्मीयाबाट सन् १४०३ हिज्रीमा प्रकाशित भएको संकलन, मिस्बाहुज्जुजाजह लिल किन्नानी २/१० दारुल अरबीयाबाट सन् १४०३ हिज्रीमा प्रकाशित भएको संकलन, अल् फवाइदुल् मजमूअह लिश्शौकानी पे. नं. ५९,

तोहफतुल् अहवजी लिल मुबारकपूरी अल हिन्दी ३/३६६ दारुल कुतुबुल इल्मीयाबाट प्रकाशित भएको संकलन, सिलसिलतुल् अहादीसुज्जईफा लिल अल्बानी हदीस नं. २१३२ )

**चौथो हदीस :**

خمس ليال لا ترد فيهن الدعوة: أول ليلة من رجب، و ليلة النصف من شعبان، وليلة الجمعة، و ليلة الفطر، و ليلة النحر

अर्थ : पाँच रात्रीमा गरिएको याचना अस्वीकृत हुँदैन, रजब महिनाको पहिलो रात्री, शअबान महिनाको मध्यान (पन्द्रहौं) रात्री, जुमअ:को रात्री, ईदुल् फित्रको रात्री अर्थात रमजान पश्चात आउने ईदको रात्री, ईदुल अजहाको रात्री अर्थात कुर्बानीको ईदको रात्री ।

यस हदीसको हुकुम: यो हदीस पनि जईफ छ । निम्नको पुस्तकमा हेर्नुस् ! ( सिलसिलतुल् अहादीसुज्जईफा लिल अल्बानी हदीस नं. १४५२ )

**पाँचौं हदीस :**

أتاني جبريل عليه السلام فقال لي هذه ليلة النصف من شعبان و لله فيها عتقاء من النار بعدد شعر غنم كلب

अर्थ : जिब्रील अलैहिस्सलाम आएर मसित भन्नुभयो यस पन्द्रह शअबानको रात्रीमा अल्लाह बाख्राको कपाल जति मान्छेहरूलाई नर्कबाट स्वतन्त्र गर्छ।

यस हदीसको हुकुम: यो हदीस पनि जईफ छ। निम्नका पुस्तकहरूमा हेर्नुस् ! ( सुनने तिर्मिजी ३/११६ दारो अहयाउत्तुरासबाट प्रकाशित भएको संकलन, अल् एललुल् मुतनाहीया ले इब्नुल् जौजी २/५५६ दारुल् कुतुबुल् इल्मीयाबाट सन् १४०३ हिज्रीमा प्रकाशित भएको संकलन, जईफ इब्ने माजा लिल अल्बानी हदीस नं. २९५ )

**छठौं हदीस :**

يا علي من صلى ليلة النصف من شعبان مائة ركعة بألف قل هو الله أحد قضى الله له كل حاجة طلبها تلك الليلة

अर्थ : हे अली ! जसले शअबानको मध्यान रात्रीमा १०० रकअत नमाज पढछ १००० पटक कुल हुवल्लाहु अहद अर्थात सूर: इख्लासको पाठ गरेर, त अल्लाहले त्यसका ती समस्त आवश्यकतालाई पूर्ण गरिदिन्छन् जुन त्यो त्यस रात्रीमा अल्लाहसित माँग्छ।

यस हदीसको हुकुम: यो हदीस पनि जईफ छ। निम्नका पुस्तकहरूमा हेर्नुस्! ( अल् मिनारुल् मुनीफ ले अबी अब्दिल्लाह मुहम्मद अल हम्बली दारुल मतबूआतबाट सन् १४०३ हिज्रीमा प्रकाशित भएको संकलन, कश्फुल् खफा लिल अजलूनी २/५६६ रेसालह नामक प्रकाशन केन्द्रबाट सन् १४०५ हिज्रीमा प्रकाशित भएको संकलन, अलफवाइदुल मजमूअ: लिश्शौकानी पे.नं. ५०, नकदुल् मन्कूल लिज्जरअी १/८५ दारुल् कादेरी नामक प्रकाशन केन्द्रबाट सन् १४११ हिज्रीमा प्रकाशित भएको संकलन )

**सातौं हदीस :**

من قرأ ليلة النصف من شعبان ألف مرة قل هو الله أحد بعث الله إليه مائة ألف ملك يبشرونه

अर्थ : जसले शअबान महिनाको मध्यान रात्रीमा एक हजार पटक कुल हुवल्लाहु अहद अर्थात सूर: इख्लासको जाप गर्छ त त्यसलाई शुभसन्देश सुनाउनुको लागि अल्लाह एक लाख फरिश्ताहरूलाई अवतरित गर्छ।

यस हदीसको हुकुम: यो हदीस पनि जईफ छ। निम्नका पुस्तकहरूमा हेर्नुस्! ( लेसानुल् मीजान ले इब्ने हजर ५/२७१ मुवस्ससतुल्

अअ्लमीबाट सन् १४०५ हिज्रीमा प्रकाशित भएको संकलन, अल् मिनारुल् मुनीफ ले अबी अब्दिल्लाह मुहम्मद अल् हम्बली अल् इस्लामीया प्रकाशन केन्द्रबाट सन् १४०३ हिज्रीमा प्रकाशित भएको संकलन, नकदुल् मन्कूल लिज्जरअी १/८५ दारुल कादरी प्रकाशन केन्द्रबाट सन् १४११ हिज्रीमा प्रकाशित भएको संकलन )

**आठौं हदीस :**

من صلى ليلة النصف من شعبان ثلاث مائة ركعة يقرأ في كل ركعة ثلاثين مرة قل هو الله أحد شفع في عشرة قد استوجبوا النار

अर्थ : जसले शअबान महिनाको मध्यान रात्रीमा तीन शय रकअत नामज पढछ र प्रत्येक रकअतमा तीस पटक कुल हुवल्लाहु अहद अर्थात सूरः इख्लासको पाठ गर्छ त्यसको सिफारिश ती दश व्यक्तिको लागि कबूल गरिन्छ जुन नर्कको अधिकारी भइसकेका हुन्छन् ।

यस हदीसको हुकुमः यो हदीस पनि जईफ छ । निम्नका पुस्तकहरूमा हेर्नुस् ! ( कश्फुल् खफा लिल अजलूनी २/५६६ रिसालह नामक प्रकाशन केन्द्रबाट सन् १४०५ हिज्रीमा

प्रकाशित भएको संकलन, अल् मिनारुल् मुनीफ ले अबी अब्दिल्लाह मुहम्मद अल् हम्बली दारुल मत्बूआत अल् इस्लामीया प्रकाशन केन्द्रबाट सन् १४०३ हिज्रीमा प्रकाशित भएको संकलन, नकदुल् मन्कूल लिज्जरअी १/८५ दारुल कादरी प्रकाशन केन्द्रबाट सन् १४११ हिज्रीमा प्रकाशित भएको संकलन )

**नवौं हदीस :**

شعبان شهري

अर्थ : शअबान मेरो महिना हो ।

यस हदीसको हुकुमः यो हदीस पनि जईफ छ । निम्नका पुस्तकहरूमा हेर्नुस् ! ( कश्फुल् खफा लिल अजलूनी २/१३ रिसालह नामक प्रकाशन केन्द्रबाट सन् १४०५ हिज्रीमा प्रकाशित भएको संकलन, सिलसिलतुल् अहादीसुज्जईफा लिल अल्बानी हदीस नं. ४४००, फवाइदुल् मजमूअः लिश्शौकानी पे. नं. १०० )

**दशौं हदीस :**

من أحيا ليلتي العيد وليلة النصف من شعبان لم يمت قلبه يوم تموت القلوب

अर्थ : जसले दुवै ईदको रात्री र शअबान महिनाको मध्यान रात्रीलाई जीवित गर्छ अर्थात त्यसमा स्तुति गर्छ पूजापाठ गर्छ त त्यसको

हृदय त्यस समय पनि मर्दैन जब सबैको हृदयहरू मृत भइहाल्छन् ।

यस हदीसको हुकुम: यो हदीस पनि जईफ छ। निम्नका पुस्तकहरूमा हेर्नुस् ! ( मीजानुल् एअ्तदाल लिज्जहबी ५/३७२ दारुल कुतुबुल् इल्मीयाबाट सन् १४०५ हिज्रीमा प्रकाशित भएको संकलन, अल एसाबा ले इब्ने हजर ५/५८० दारुल जैलबाट सन् १४१२ हिज्रीमा प्रकाशित भएको संकलन, अल एललुल् मुतनाहीया ले इब्नुल् जौजी २/५६२ दारुल कुतुबुल् इल्मीयाबाट सन् १४०३ हिज्रीमा प्रकाशित भएको संकलन )

**ग्यारहौं हदीस :**

من أحيا الليالي الخمس ؛ وجبت له الجنة: ليلة التروية، وليلة عرفة، وليلة النحر، وليلة الفطر، وليلة النصف من شعبان

अर्थ : जसले निम्नका पाँचवटै रात्रीमा पूजापाठ र स्तुति गर्छ त्यसको लागि स्वर्ग अनिवार्य भइहाल्छ ! तरवीयाको रात्री अर्थात जिलहिज्जाको आठौं रात्री, अरफातको रात्री अर्थात जिलहिज्जाको नवौं रात्री, ईदुल अजहाको रात्री, ईदुल फित्रको रात्री, शअबान महिनाको मध्यानको रात्री )

यस हदीसको हुकुम: यो हदीस पनि जईफ छ। निम्नको पुस्तकमा हेर्नुस् ! जईफुत्तरगीब लिल अल्बानी हदीस नं. ६६७ )
शअबानको महिनाको पन्द्रहौं रात्रीमा भेला भएर पूजापाठ गर्नुको बारेमा शैख अब्दुल अजीज बिन बाज रहेमहुल्लाह र शैख स्वालेह अल उसैमीनको फतवा पनि हेर्नुस् !
शैख अब्दुल अजीज बिन बाज रहेमहुल्लाह विधिशास्त्री थिए र सउदी अरबको मुफ्ती पनि थिए । एक दिन उहाँसित सोधियो कि के शअबानको पन्द्रहौं रात्रीमा कुनै विशेष नमाज वा पूजाको आयोजना गर्ने हुकुम छ वा हदीसहरूबाट प्रमाणित छ ? यसकुरालाई प्रष्ट पारिदिनुको लागि सादर अनुरोध छ।
त शैख ज्यूले यसरी जवाफ दिनु भयो !
शअबान महिनाको पन्द्रहौं रात्रीको विशेषतामा कुनै सही हदीस प्रमाणित छैन यस सम्बन्धमा जति पनि हदीसहरू वर्णित छन् सबै मौजूअ् र जईफ छन् । र यस रात्रीको बारेमा कुनै पनि सही हदीस प्रमाणित छैन । र यस रात्रीको लागि कुनै विशेष नमाज वा पूजापाठ साबित छैन । र जुन केही मान्छेहरू यस रात्रीमा सामूहिक पूजापाठको आयोजना गर्छन् त्यसको

कुनै सबूत छैन । र केही आलिमहरू (विद्हरू) को यो कथन कि यो रात्री विशेष रात्री हो, त यो कथन निराधार र प्रमाणविहीन छ । ( सिलसिलतुल् अल्लामतैन इब्ने बाज वल् अल्बानी )

र शैख उसैमीनको यसबारेमा कथन छ : शअबानको पन्द्रहौं दिन विशेषरूपले व्रत बस्नु कुनै हदीसबाट प्रमाणित छैन, यस्तै पन्द्रहौं रात्रीमा विशेषरूपले पूजापाठ गर्नु पनि कुनै हदीसबाट प्रमाणित छैन । ( फतावा शैख स्वालेह अल् उसैमीन )

र हाफिज इब्ने देहियाको भनाई छ : अहलुत्तअदील वल् जेरहका विद्वानहरूको भनाई छ कि पन्द्रह शअबानको विशेषताको बारेमा कुनै पनि सही हदीस छैन, त हे अल्लाहका भक्तहरू तिमीहरू यस्ता झूठा मान्छेहरूसित बच जुन आफै गढेर हदीस वर्णन गरोस् र त्यसको तात्पर्य यो होस् कि यस हदीसको माध्यमले भलाई गरियोस्, तर जुन भलाईको कार्य अथवा कार्यशैली रसूलसित प्रमाणित नहोस् त्यो सही र सत्य र राम्रो हुनै सक्दैन चाहे त्यसलाई कुनै राम्रो उद्देश्यले अविष्कृत किन नगरियोस् त हे भाइ यस्ता शैतानहरूसित

बच किनकि यिनीहरू शैतान वा शैतानका सहायक हुन् । ( अल् बाइसो अला इन्कारिल बिदअे वल हवादिस ले अबी शम्माम अल् मकदसी पे.१२६ )

त उपरोक्तका कुराहरू र हदीसहरूबाट यो प्रष्ट हुन्छ कि शअबानको पन्द्रहौं दिन र रात्रीको कुनै विशेष विशेषता छैन, बरु अरु दिन रात्री झैं समान छ । तसर्थ त्यस दिन विशेषरूपले व्रत बस्नु र त्यसको रात्रीमा भेलाभई सामूहिक तरिकाले पूजापाठ गर्नु .... आदि सबै प्रमाणविहीन र अमानय छन् र यी सबै कार्यहरू विदअतको सीमाभित्र आँउछन् । त यस्ता कुराहरूमा प्रोत्साहना दिने र यस्ता कार्यहरूतर्फ आव्हान गर्नेहरू पाखण्डीहरूसित बाँच्नु अति आवश्यक छ ।

र यसबाहेक केही अरु बिदअतहरू जुन यस महिनामा गरिन्छ त्यसमध्ये केही प्रमुख विदअतहरूलाई निम्नमा वर्णन गर्ने प्रयास गर्दछु ।

## शअबान महिनामा गरिने केही प्रमुख विदअतहरूको विवरण

 पन्द्रहौं शअबानको दिन विशेषरूपले व्रत बस्नु, जसलाई अघि नै वर्णन गरिसकेको छु ।

 पन्द्रहौं शअबानको रात्रीमा विशेषरूपल पूजापाठको आयोजना गर्नु, र यसलाई पनि अघि नै वर्णन गरिसकें ।

 सलातुल बराअः अर्थात स्वतन्त्रताको नमाज, जुन पन्द्रहौं शअबानको रात्रीमा १०० रकअत पढिन्छ । यो पनि कुनै हदीस एवं कुनै सहाबीद्वारा गरिएको प्रमाणित छैन ।

 पन्द्रहौं शअबानको रात्रीमा ६ रकअतको नमाजको आयोजना गर्नु उद्देश्य यो हुन्छकि यसलाई पढने मान्छेका सबै दोष पाप नष्ट भइहाल्छन्, र त्यस व्यक्तिमाथि कुनै विपत्ति आउँदैन, र त्यसको जीवनकालमा वृद्धि हुन्छ .. आदि । यस नमाजको पनि कुनै सबूत छैन ।

 पन्द्रहौं शअबानको रात्रीमा इशाको नमाजमा सूरतुल् यासीनको पाठ गर्नु र विशेषरूपले मिथ्या दुआ र मन्त्रहरूको जाप गर्नु । यसको पनि कतै प्रमाण मिल्दैन ।

□ यो आस्था राख्नु कि पन्द्रहौं शअबानको रात्री नै लैलतुल कद्रको (सम्मानित) रात्री हो । कुशैरीको भनाई छ : कि समस्त विद्हरूको यसकुरामा सहमति छकि यो आस्था राख्नु निराधार छ, यसको लागि कुनै प्रमाण छैन । ( अस्सुनन् वल मुबतदिआत पे.१४६ )

किनकि अल्लाहको फर्मान छ :

﴿ إِنَّآ أَنزَلۡنَٰهُ فِي لَيۡلَةِ ٱلۡقَدۡرِ ١ ﴾ القدر: ١

अर्थ : हामीले यस (कुरआन) लाई कद्रको रातमा अवतरित गर्‍यौं । ( सूरतुल् कद्र १ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ شَهۡرُ رَمَضَانَ ٱلَّذِيٓ أُنزِلَ فِيهِ ٱلۡقُرۡءَانُ هُدٗى لِّلنَّاسِ وَبَيِّنَٰتٖ مِّنَ ٱلۡهُدَىٰ وَٱلۡفُرۡقَانِۚ فَمَن شَهِدَ مِنكُمُ ٱلشَّهۡرَ فَلۡيَصُمۡهُۖ وَمَن كَانَ مَرِيضًا أَوۡ عَلَىٰ سَفَرٖ فَعِدَّةٞ مِّنۡ أَيَّامٍ أُخَرَۗ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلۡيُسۡرَ وَلَا يُرِيدُ بِكُمُ ٱلۡعُسۡرَ وَلِتُكۡمِلُواْ ٱلۡعِدَّةَ وَلِتُكَبِّرُواْ ٱللَّهَ عَلَىٰ مَا هَدَىٰكُمۡ وَلَعَلَّكُمۡ تَشۡكُرُونَ ١٨٥ ﴾

البقرة: ١٨٥

अर्थ : रमाजानको महिना त्यो हो जुन महिनामा कुरआन उतारियो, जो मानिसहरूको लागि पथ प्रदर्शक हो र जसमा मार्गदर्शन र सत्य र असत्यलाई छुट्टयाउने निशानीहरू छन्। तिमीहरूमध्ये जसले पनि यो महिना पाओस् त्यसले पूरा महिनाको व्रत बसोस् हो, जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (व्रत बसी) त्यसको गणना पूरा गरोस्। अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन। उसले चाहन्छ कि तिमीले (रोजाको) गिन्ती पूरा गर र अल्लाहले मार्गदर्शन गरेवापत उसको प्रशंसा वर्णन गर, ताकि उसप्रति कृतज्ञ बन्न सक। ( सूरतुल् बकरः १८५ )

त उपरोक्तका दुवै आयतहरूबाट यो प्रमाणित हुन्छ कि लेलतुल कद्र रमजानको महिनामा हुन्छ नकि शअबानमा।

□ पन्द्रहौं शअबानको रात्रीमा सलातुल अलफीया ( हजार नमाज ) पढिन्छ र यसको प्रत्येक रकअतमा इमाम सूरतुल् इख्लासको दशपटक पाठ गर्छ। यस नमाजको पनि कुनै प्रमाण छैन बरु यो पनि विदअत हो।

इमाम गजाली रहेमहुल्लाह अलैहको भनाई छ : कि यस जस्ता समस्त क्रिया कलाप र नमाज एवं पूजापाठहरू हदीसहरूमा वर्णन छैनन् बरु यी समस्त कुराहरू सुफियाहरूले अविष्कार गरेका हुन्, र यसलाई मात्र विदअतीहरू नै गर्छन् । ( अहयाओ उलूमिद्दीन लिल गजाली )

☐ पन्द्रहौं शअबानको रात्रीमा चिहान निकट गएर दियो जलाउनु, त्यसमाथि च्यादर चढाउनु .... आदि । यो सबै विदअत र शिर्कका कार्यहरू मध्येका हुन् । ( तल्बीसे इब्लीस पे.नं. ४२१ )

त यो सबै कार्यहरू विदअत र शैतानी कार्यहरू मध्येका हुन् र यसै कार्यको रोकथामको लागि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई यस संसारमा सन्देष्टाको रूपमा पठाइएको थियो तर हामी उनैको नाममा उनैको निर्देशन विरोधी कार्य गरी रहेका छौं ।

हेर्नुस् विदअत ठूलो पापा हो, यसलाई गर्नेवाला कदापि स्वर्गको सुगन्ध पनि पाउँदैन कियामतको (प्रलयको) दिन सबैलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको सिफरिशको अवसर प्रदान हुन्छ तर विदअती र मुश्रिक अर्थात बहुदेववादीलाई धिक्कारिने छ त्यसलाई

उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सिफारिश प्राप्त हुँदैन । यसले गर्दा यस विदअतको बारेमा पनि केही ज्ञान प्रस्तुत गर्दछु ध्यान दिएर हेर्नुस् र विदअतको घातकताको बारेमा विचार गर्नुस् !

अल्लाहले आफ्नो मनोनीत धर्म इस्लामलाई पूर्ण गरिसकेको छ, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा नै अल्लाहले यो आयत (श्लोक) अवतरण गरिसकेको छ अल्लाहको फर्मान छ :

ٱلْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِي وَرَضِيتُ لَكُمُ ٱلْإِسْلَٰمَ دِينًا ﴿٣﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना कृपाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौ । ( सूरतुल् माइदः ३ )

र अल्लाहले यसै धर्म इस्लामलाई नै सत्य र सोझो मार्ग भनेको छ जस्तोकि आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَأَنَّ هَٰذَا صِرَٰطِي مُسۡتَقِيمٗا فَٱتَّبِعُوهُۖ وَلَا تَتَّبِعُواْ
ٱلسُّبُلَ فَتَفَرَّقَ بِكُمۡ عَن سَبِيلِهِۦۚ ذَٰلِكُمۡ وَصَّىٰكُم بِهِۦ
لَعَلَّكُمۡ تَتَّقُونَ ١٥٣ ﴾ الأنعام: ١٥٣

अर्थ : र आदेश यो छ कि यो धर्म मेरो सोझो बाटो हो, तिमी यसैमा हिंड्नु र अन्य मार्गमा न हिंड्नु किनभने त्यसमा हिंडे अल्लाहको मार्गबाट विचलित भैहाल्नेछौं । यसको विशेष आदेश तिमीलाई अल्लाहले दिएको छ जसबाट तिमी आत्म संयमी बन्नसक । ( सूरतुल् अन्आम १५३ )

र सूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

"عليكم بسنتي وسنة الخلفاء الراشدين المهديين من بعدي عضوا عليها بالنواجذ وإياكم ومحدثات الأمور فإن كل بدعة ضلالة " ( الترمذي )

अर्थ : तिमीहरू माथि मेरो पद्धति र म पश्चात मेरा सदाचारी सुमार्गी उत्तराधिकारीहरूको पद्धतिलाई दृढतापूर्वक समातिराख्नु अनिवार्य छ, र बिदअतहरूलाई अविष्कृत गर्नुबाट बाँच्दै रहनु, किनकि समस्त बिदअतहरू पथविचलन हुन् । ( तिर्मिजी )

र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

من عمل عملا ليس عليه أمرنا فهو رد ( متفق عليه)

अर्थ : जसले कुनै यस्तो कार्य गऱ्यो जसको आदेश हामीले गरेका छैनौं त त्यो कार्य अस्वीकृत छ । ( बुखारी, मुस्लिम )

र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

من أحدث في أمرنا هذا ما ليس منه فهو رد ( بخاري ٢٦٩٧ )

अर्थ : जसले हाम्रो धर्ममा कुनै यस्तो कार्यको अविष्कृति गऱ्यो जुन हाम्रो धर्म मध्येको होइन त त्यो कार्य अस्वीकृत छ । ( बुखारी हदीस नं. २६९७ )

र अल्लाहको फर्मान छ :

فَلْيَحْذَرِ ٱلَّذِينَ يُخَالِفُونَ عَنْ أَمْرِهِۦٓ أَن تُصِيبَهُمْ فِتْنَةٌ أَوْ يُصِيبَهُمْ عَذَابٌ أَلِيمٌ ﴿٦٣﴾ النور: ٦٣

अर्थ : जसले उनको आदेशको अवहेलना गर्दछन्, उनीहरूलाई तर्सनु पर्छ कि कहीं यस्तो न होस्, कि उनीहरू माथि कुनै ठूलो विपत्ति आई परोस् अथवा उनीहरू माथि कुनै दुःखद् यातना आई लागोस् । ( सूरतुन्नूर ६३ )

त उपरोक्तका प्रमाणहरूबाट यो स्पष्ट हुन्छ कि बिदअत ठूलो र जघन्य अपराध हो ।
र विदअतको अर्थ हो: कुनै यस्तो कार्य सुकर्म ठानेर गर्नु जसलाई अल्लाह र अल्लाहका रसूलले गर्ने आदेश दिएका छैनन् ।
त शअबानको महिनामा जति पनि विशेषरूपले कार्य गरिन्छ ती सबै रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैनन् त यस्ता विदअत गरेमा के हानि विहोर्नु पर्नेछ यसको विवरण हेर्नुहोस् !
□ यसो गरेमा अल्लाहलाई झूठा ठान्नु बोध हुन्छ । किनकि अल्लाहको भनाई छ :

ﵟٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗاۚ ٣ﵞ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना कृपाहरू पुरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौं । ( सूरतुल् माइदः ३ )
त बिदअती जुन पनि कार्य गर्छ जसको कुनै प्रमाण नै छैन त त्यो यस्तो ठाने सरह हुन्छ कि यो बिदअत जसलाई त्यसले अविष्कार

गरेको छ वा गरिरहेको छ त्यो अल्लाहलाई थाहै थिएन जसकारण अल्लाहले यस कार्यलाई आफ्नो रसूलमाथि अवतरित गरेन । र इस्लाम पहिलादेखि पूर्ण थिएन बरु यस बिदअती मान्छेले यो राम्रो कार्यद्वारा त्यसलाई पूर्ण गऱ्यो ।

□ यसो गर्नाले त्यो मान्छे अल्लाह र अल्लाहका रसूलसित युद्ध गर्छ यस्तो बोध हुन्छ । किनकि अल्लाह र अल्लाहका रसूलले भनेका छन् कि कुनै मान्छेलाई वा कुनै सृष्टिलाई यो अधिकार छैन कि उहाँको धर्ममा कुनै प्रकारको थपघट गरोस् । त जब विदअती यस्तो कार्यहरूको अविष्कार गर्छ त यो बोध हुन्छ कि त्यो अल्लाह र अल्लाहको फर्मानको उल्लंघन गरी अल्लाहको समकक्षी बन्न प्रयास गर्छ र अल्लाहको विरोधमा युद्धको विगुल बजाउँछ र यो जघन्य अपराध हो । यसो गर्नेवाला यदि बिना तौबा मर्यो भने त्यसको ठेगाना नर्क नै हुनेछ ।

□ यसतो गर्ने बिदअतीहरूको कार्यहरूबाट निम्नका दुई कुराहरू मध्ये एउटाको बोध अवश्य हुन्छ

१- अल्लाह र अल्लाहका रसूललाई यस शुभ कार्यको ज्ञान थिएन ।
२- उहाँहरूलाई ज्ञान त थियो तर रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस ज्ञानलाई आफ्नो उम्मतलाई बताएनन् बरु लुकाए ।
त यो दुवै मध्ये कुनै पनि बोध भएमा मान्छे यस्तो आस्था राखेमा इस्लामबाट निष्कासित भइहाल्छ किनकि दुवै कुरोबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वमाथि लान्छना लगाउने बोध हुन्छ । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो उम्मतलाई भलाईका समस्त कार्यहरू बताएर उज्जवल मार्गमा छाडेर गएका हुन् । उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

"تركتُكم على المحجَّة البيضاء ليلها كنهارها، لا يَزيغ عنها إلا هالك" (رواه أحمد)

अर्थ : मैले तिमीहरूलाई उज्जवल मार्गमा छाडेर जाँदैछु यसको रात्री पनि दिनझैं प्रकाशमान छ, त जुन यसबाट पन्छन्छ त्यो विनाशहुनेवालाहरू मध्येको हुनेछ । ( अहमद )
र रसूल सल्लाहो अलैहे वसल्लमले आफ्नो अन्तिम हज्जमा सबै सहाबाहरूलाई सम्बोधित

गर्दै भन्नु भयो कि के मैले अल्लाहको आदेशहरूलाई तिमीहरू सम्म पुगाएन ? त सहाबाहरूले उत्तर दिएका थिए होइन हे अल्लाहका रसूल तपाईले त समस्त निर्देशनहरूलाई हामी सम्म पूर्णरूपले पुगाई सक्नु भएको छ । र यसैकुरालाई अल्लाहले कुरआनमा यस प्रकार वर्णन गरेको छ :

﴿ ٱلَّذِينَ يَتَّبِعُونَ ٱلرَّسُولَ ٱلنَّبِيَّ ٱلْأُمِّيَّ ٱلَّذِى يَجِدُونَهُۥ مَكْتُوبًا عِندَهُمْ فِى ٱلتَّوْرَىٰةِ وَٱلْإِنجِيلِ يَأْمُرُهُم بِٱلْمَعْرُوفِ وَيَنْهَىٰهُمْ عَنِ ٱلْمُنكَرِ وَيُحِلُّ لَهُمُ ٱلطَّيِّبَٰتِ وَيُحَرِّمُ عَلَيْهِمُ ٱلْخَبَٰٓئِثَ وَيَضَعُ عَنْهُمْ إِصْرَهُمْ وَٱلْأَغْلَٰلَ ٱلَّتِى كَانَتْ عَلَيْهِمْ ۚ فَٱلَّذِينَ ءَامَنُوا۟ بِهِۦ وَعَزَّرُوهُ وَنَصَرُوهُ وَٱتَّبَعُوا۟ ٱلنُّورَ ٱلَّذِىٓ أُنزِلَ مَعَهُۥٓ ۙ أُو۟لَٰٓئِكَ هُمُ ٱلْمُفْلِحُونَ ﴿١٥٧﴾ ﴾ الأعراف: ١٥٧

अर्थ : जुन मानिसहरूले यस्ता रसूल, नबी उम्मी (निरक्षर) को अनुशरण गर्छन्, जसलाई उनीहरूले आफुकहाँ तौरात र इन्जीलमा लेखिएको पाउँछन् । उनले उनीहरूलाई असल कुराको आदेश गर्दछन् र नराम्रा कुराहरूबाट मनाही गर्दछन् र स्वच्छ कुरालाई हलाल ( स्वीकार्य) बताउँछन् र अपवित्र कुरालाई हराम (वर्जित) बताउँछन् र तिनीहीरु माथिबाट त्यो

बोझ उतार्दछन् जुन अहिलेसम्म उनीहरूमाथि लादिएका थिए बन्धनहरूलाई फुक्का गर्दछन् जसमा उनीहरू जकडिएका थिए । अत : जो मानिसहरू त्यस नबीमा विश्वास गर्दछन् र उनको समर्थन गर्दछन् र उनको सहायता गर्दछन्, र त्यस प्रकाशलाई मान्दछन् जो उनको साथमा पठाइएको छ । यस्ता मानिसहरू पूर्ण सफलता प्राप्त गर्नेवाला छन् ।

( सूरतुल् अअ्राफ १५७ )

त यो शंका पनि मेटिन्छ कि कुनै भलाईको कार्य उहाँलाई अल्लाहद्वारा बताइएन वा कुनैलाई उहाँले लुकाउनु भयो । किनकि उपरोक्तका प्रमाणहरूबाट यो सिद्ध भयोकि नत उहाँ कुनै भलाईको कुरोबाट अनभिज्ञनै थिए नत कुनै भलाईको कुरोलाई लुकाउनु भयो । किनकि समस्त राम्रो कुरो उहाँमाथि अल्लाहद्वारा वह्यको माध्यमले अवतरित गरियो, र उहाँले ती समस्त कुरालाई सर्वसाधारण सम्म पुगाउनु भयो । तसर्थ जसले पनि यस्तो धारण राख्छ कि उहाँले अल्लाहले उतारेका निर्देशनहरूलाई लुकाए त त्यो काफिर भयो, र त्यसको दण्ड नर्कको साथ साथै त्यसको वध पनि गरिनु हो ।

□ बिदअतको अविष्कार गरेमा सबै मान्छेहरू अआफ्ना इच्छा अनुसार जे चाहे यस इस्लाम धर्ममा थपघट गर्नथाल्छन्, र इस्लाम पनि अरु धर्म झैं मात्र नामको धर्म नै बाँकी रहन्छ, र परिणम स्परूप यो धर्म पनि लुप्त भइहालछ । त यसलेर्गदा हामीलाई चाहियो कि यस्ता निराधार क्रियाकलापहरूबाट कोसौं टाढा रहौं, यो नै हाम्रो परम् कर्तव्य हो ।

□ बिदअतको अविष्कार गरेमा सबैले अआफ्ना मन अनुकूल कार्यलाई इस्लाममा थप्न थाल्छन् अनि पूर्ण उम्मत ग्रुप ग्रुपमा विभाजित भइहालछ र हाम्रो शक्ति घटदै जान्छ, र हामी मुसलमानहरूको जुन दुर्गत हुन्छ त्यसलाई वर्णन गर्न सकिदैन । यसैकारण अल्लाहले बिदअत र गुटबन्दीबाट रोकेका छन्, अल्लाहको फर्मान छ :

﴿ وَٱعۡتَصِمُواْ بِحَبۡلِ ٱللَّهِ جَمِيعٗا وَلَا تَفَرَّقُواْۚ وَٱذۡكُرُواْ نِعۡمَتَ ٱللَّهِ عَلَيۡكُمۡ إِذۡ كُنتُمۡ أَعۡدَآءٗ فَأَلَّفَ بَيۡنَ قُلُوبِكُمۡ فَأَصۡبَحۡتُم بِنِعۡمَتِهِۦٓ إِخۡوَٰنٗا وَكُنتُمۡ عَلَىٰ شَفَا حُفۡرَةٖ مِّنَ ٱلنَّارِ

فَأَنقَذَكُم مِّنْهَاۗ كَذَٰلِكَ يُبَيِّنُ ٱللَّهُ لَكُمْ ءَايَٰتِهِۦ لَعَلَّكُمْ تَهْتَدُونَ

﴿١٠٣﴾ آل عمران: ١٠٣

अर्थ : सबै मिलेर अल्लाहको डोरीलाई दृढतापूर्वक समाति राख्नु र विभाजित नहुनु र अल्लाहको त्यस अनुकम्पालाई यादगर कि जब तिमी एक अर्काको शत्रु थियौ, त उसले तिम्रा हृदयहरूमा प्रेमको सृजना गऱ्यो र उसको कृपाले तिमीहरू आपसमा भाइ-भाइ भइहाल्यौ, र तिमी आगोको खाल्डो छेउ पुगिसकेका थियौ, त अल्लाहले तिमीलाई त्यसबाट बचाइहाल्यो । यस प्रकार अल्लाहले तिमीलाई आफ्ना निशानीहरूको वर्णन गर्दछ ताकि तिमी मार्गदर्शन प्राप्त गर्नसक । ( सूरतु आले इम्रान १०३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَأَطِيعُواْ ٱللَّهَ وَرَسُولَهُۥ وَلَا تَنَٰزَعُواْ فَتَفْشَلُواْ وَتَذْهَبَ رِيحُكُمْۖ وَٱصْبِرُوٓاْۚ إِنَّ ٱللَّهَ مَعَ ٱلصَّٰبِرِينَ ﴿٤٦﴾ ﴾ الأنفال: ٤٦

अर्थ : र अल्लाह र उसको रसूलको आज्ञा मानी राख, आपसमा विवाद नगर, अन्यथा कायर बन्नेछौ, र बल कम हुँदै जानेछ, र धैर्य

र संयमबाट काम लिनु । निश्चय नै अल्लाह धैर्य गर्नेहरूको साथमा छ । ( सूरतुल् अन्फाल ४६ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلَّذِينَ فَرَّقُواْ دِينَهُمۡ وَكَانُواْ شِيَعٗا لَّسۡتَ مِنۡهُمۡ فِي شَيۡءٍۚ إِنَّمَآ أَمۡرُهُمۡ إِلَى ٱللَّهِ ثُمَّ يُنَبِّئُهُم بِمَا كَانُواْ يَفۡعَلُونَ ١٥٩ ﴾

الأنعام: ١٥٩

अर्थ : निःसन्देह जुन मानिसहरूले आफ्नो धर्मलाई धेरै भागमा विभाजित गरे र स्वयं समूहमा विखण्डीत भए, तिनीहरूसित तपाइको कुनै सम्बन्ध छैन । तिनीहरूको हिसाब किताब अल्लाहको जिम्मामा छ । उसैले तिनीहरूलाई बताई दिने छ, के कति तिनीहरूले गरेका छन् ।" ( सूरतुल् अन्आम १५९ )

यसले गर्दा हे भाइ ! बिदअतबाट बाँच्नु किनकि यो उम्मतलाई गुटबन्दीमा परिवर्तित गरिदिन्छ अनि हामी हानि बिहोर्नेहरू मध्येका भइहाल्ने छौं ।

□ बिदअत अविष्कार गरेमा त्यस बिदअतको मुकाबिलामा त्यसको विपरीत अर्थ दर्शाउने वा त्यस कार्यबाट रोकने हदीसलाई त्यागिन्छ । र सबै मान्छेहरू बिदअतको अविष्कार गर्न

थाल्छन् अनि इस्लामीय विधान नष्ट भइहाल्छ । त यो इस्लामीय विधानको उपहास होइनर ? यसले गर्दा हे भाइ ! आफ्नै हातले आफ्नो धर्मको विनाश नगर, र बिदअतबाट त्यस्तै बच जसरी आगोबाट बाँच्ने प्रयत्न गर्छौ । यादराख यो साक्षात आगो नै हो जुन तपाईलाई नर्क सम्म पुऱ्याउने छ र त्यसको तीव्र आगोमा पोल्नेछ ।

यो संक्षेपमा वर्णन गरिएको ज्ञानवर्धक कुराहरूबाट यो प्रष्ट भयोकि जति पनि कार्य यस शअबानको महिनामा हाम्रो समाजमा गरिन्छ सबै निराधार छन्, र जुन प्रमाणित छ त्यसलाई कोही पनि गर्दैन ।

मेरो तपाईहरूसित अनुरोध छ कि यस महिनामा व्रत बस्ने प्रमाणित छ व्रत बस्नुस् र सके सम्म अधिक व्रत बस्ने प्रयास गर्नुस् तर इच्छा छैन भने विदअत त नगर्नुस् । र यदि तपाईलाई कुनै कुराबारे जानकारी चाहिन्छ कि यो कार्य हदीसबाट प्रमाणित छ कि छैन त कुनै विश्वास्नीय धर्म विद्सित सोधेर मात्र त्यसलाई कार्यन्वयनमा ल्याउनुस् । र तपाईको इच्छा होस् भने मसित निम्नका ईमेलमा सम्पर्क गरी जुनसुकै प्रश्न गर्नुहोस् तपाईलाई

कुरआन र हदीसको प्रकाशमा उत्तर दिने प्रयास गर्छु इन्शाअल्लाह मेरो ईमेल ठेगाना यो हो ! **nepali@islamhouse.com**,,वा **atiqkhannp1982@yahoo.com** उपरोक्तका दुई मध्ये कुनै ईमेलमा सर्म्पक गरेमा म तपाईलाई उत्तर अवश्य दिनेछु । अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई समस्त बिदअतहरूबाट बचाउन्, र यस महिनामा व्रत बस्ने सौभाग्य प्रदान गरुन् आमीन ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको

अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉर्ड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780-9727649238

00966-0501372254

Email-atiqkhannp1982@yahoo.com